# कोशी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

लौकही सुनसरी

१ नं. प्रदेश,नेपाल

---

राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्वन्धी प्रस्ताव आह्वान
(प्रथम पटक प्रकाशित २०७८/१०/२५)

आ.व २०७८/०७९ मा यस कोशी गा.पा बाट राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालन हुने भएको हुँदा राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०७७ को दफा ९ बमोजिम योग्यता पुगेका संस्थाले सोही मापदण्डको दफा १० बमोजिम कागजातहरु संलग्न गरी कार्यक्रमको अवधारणा पत्र र व्यावसायिक योजना सहितको प्रस्ताव १५ दिनभित्र यस कार्यालयमा पेश गर्नका लागि यो प्रस्ताव आहवान गरिएको छ ।

१. कार्यक्रमको नामः राष्ट्रपति जीविकोपार्जन सुधार कार्यक्रम

२. कार्यक्रम सञ्चालनहुने स्थानीयतहःकोशी गा.पा, लौकही,सुनसरी

३. कार्यक्रमको उद्देश्यः जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनको उद्देश्य देहायबमोजिम रहेको छः

(क) विपन्नमहिलाहरुको जीवनस्तरमा वढोत्तरी ल्याउनु,

(ख) स्थानीय स्रोत साधन समेतको समुचितप्रयोग गर्दै उद्यमशीलता विकासको माध्यमबाट महिलाहरुको आर्थिक सशक्तिकरण गर्नु ,

(ग)आय आर्जन तथा जीविकोपार्जन सुधारका माध्यमबाट महिला सशक्तिकरण र महिलाद्धारा स्थापित संस्थाको क्षमता अभिवृद्धि गर्नु ।

४.जीविकोपार्जन सुधार कार्यक्रमका लागि व्यवसायको क्षेत्रः

(क) कृषि तथा पशुपालन क्षेत्रः सहकारी खेती,सामुहिक खेती,आधुनिक खेती, पशुपालन, माछापालन, माहुरी पालन लगायत कुनै पनि क्षेत्रको कृषि उत्पादनमा आधारित व्यवसाय कार्यहरु,

(ख)पर्यटन क्षेत्रःहोमस्टे, होटेल,रेष्टुरेन्ट टे«किङ, टुर गाइड, स्थानीय स्रोत,साधन र संस्कृतिमा आधारित व्यवसाय कार्यहरु,

(ग) गैहकृषि क्षेत्रः वनपैदावार लोकता कागज उद्योग,अल्लो, जडीबुटी उत्पादनतथा प्रशोधन, ढाका बुनाई, इम्ब्रोइडरी, होजियारी, बेकरी, हस्तकलाका सामान ड्राइभिङ, प्लम्बिङ, ब्यूटीपार्लर, क्रिस्टल, सैलुन, इलेक्ट्रिसियन लगायतका व्यवसाय कार्यहरु ।

५.लक्षित समुह/समुदायः विपन्न महिला ।

६. प्रस्ताव मूल्यांकनको आधार र प्रकृया मापदण्डको दफा ११ बमोजिम हुनेछ । महिलाहरुबाट मात्र स्थापित/सञ्चालित स्थानीय संस्थालाई प्राथमिकता दिईनेछ ।

खगेन्द्र गिरी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner